# नेपाल–पाकिस्तान मैत्रिपूर्ण ट्वान्टी–२० क्रिकेट प्रतियोगिताको ट्रफी सार्वजनिक

**हिमालय टाइम्स**
काठमाडौं, ८ फागुन

पाकिस्तानी दुतावसको आयोजनामा हुने आठौं संस्करणको नेपाल-पाकिस्तान मैत्रिपूर्ण ट्वान्टी-२० क्रिकेट प्रतियोगिताको ट्रफी सोमबार सार्वजनिक गरिएको छ ।

पाकिस्तानी दुतावासमा आयोजित एक कार्यक्रममा प्रतियोगिताको ट्रफी सार्वजनिक गरिएको हो । सार्वजनिक कार्यक्रमपछि बोल्दै नेपाली टोलीका पूर्वकप्तान पारस खड्काले प्रतियोगिताबाट नेपाली युवा प्रतिभावन खेलाडीले मौका पाउने गरेको बताउनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हिसाबमा युवा खेलाडीले खेल्ने गरेपनि दुतावासले आयोजना गर्दै आएको प्रतियोगिताले युवा खेलाडीलाई मौका दिने गरेको बताउनु भयो । खड्काले पाकिस्तानी दुतावासमा रहेको मैदान नेपालमा भएको मैदान मध्येको सेवा सुविधा सम्पन्न मैदान भएको र दुवै देशका सरकारबाट दुतावसमा अवस्थित मैदानलाई पूर्ण रूपको मैदानको रुपमा प्रयोग गर्ने मिल्नेगरी उपलब्ध गराउन आग्रह गर्नुभयो ।




प्रतियोगितामा कुल १२ टोलीले प्रतिष्पर्धा गर्नेछन् । नेपालमा रहेका उदीयमान खेलाडीको हौसला प्रदान गर्नका लागि आयोजना गर्दै आएको छ । प्रतियोगिताको ट्रफी नेपालको तर्फबाट पूर्व कप्तान पारस खड्का र दुतावासका उपराजदुत उमर अलिले संयुक्त रुपमा सार्वजनिक गर्नुभयो । प्रतियोगिता १० मार्चदेखि १८ मार्चसम्म आयोजना हुँदैछ । दुतावसले सहभागि १२ टोलीलाई चार समूहमा विभाजन गरी खेलाउनेछ । चार समूहका शीर्ष टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन् र सेमिफाइनलमा विजयी टोलीबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

# एनआरटीमा भारतका खेलाडी अनुबन्धित




**हिमालय टाइम्स**
काठमाडौं, ८ फागुन

न्युरोड टिम (एनआरटी)मा भारतका युवा फरवार्डद्वय सैभिस सिंह र लालनुन्जामा कोल्ने क्लबमा अनुबन्धित हुनुभएको छ । एनआरटीले आगामी सिजनका लागि भारतका १९ वर्षीय सैभिस र लालनुन्जामालाई एसियन कोटामा क्लबमा अनुबन्ध गरेको हो । सैभिसले सन् २०२२ मा दिल्ली युनाइटेड फुटबल क्लबबाट खेल्नुभएको थियो । लालनुन्जामाले यसअघि एफसी गोआबाट खेल्नुभएको थियो ।

यो सिजनको शहीद स्मारक 'ए' डिभिजन लिग फागुन १९ गतेबाट सुरु हुँदैछ । डबल राउण्ड रोबिनका आधारमा हुने लिग जेठ २५ गतेसम्म चल्नेछ । एनआरटीले फागुन २१ गते सातदोबाटो युथ क्लबसँग खेल्दै नयाँ सिजनको लिगको सुरुवात गर्नेछ ।

# न्यु डायमण्ड कपमा सात टोली




**हिमालय टाइम्स**
काठमाडौं, ८ फागुन

न्यु डायमण्ड युथ स्पोर्ट्स क्लबको आयोजनामा मंगलबारदेखि सुरु हुने 'बागमती प्रदेश न्यु डायमण्ड कप यू-१८ खुला राष्ट्रिय महिला भलिबल च्याम्पियनसिपमा सात टोलीको सहभागिता रहने भएको छ । फागुन ९ देखि १३ गतेसम्म हुने च्याम्पियनसिपमा आयोजक न्यु डायमण्ड युथ स्पोर्ट्स क्लबसहित सात टोलीको सहभागिता रहेको र टोलीलाई दुई समूहमा विभाजन गरिएको क्लबले जनाएको छ ।

समूह 'क' मा धादिङ स्पोर्ट्स क्लब धादिङ, एभरेस्ट माबि बुटवल रूपन्देही, दुप्चेश्वर गाउँपालिका नुवाकोट र नमोबुद्ध नगरपालिका काभ्रे रहेका छन् । समूह 'ख' मा आयोजक न्यु डायमण्ड, परोपकार आदर्श माबि काठमाडौं र ब्राइट फ्युचर माबि सलकपुर मोरङ रहेका छन् ।

राउण्ड रोबिन लिगपछि हरेक समूहका दुई टोली सेमिफाइनलमा पुग्नेछन् । पहिलो दिन २ खेल हुनेछन् । दोस्रो दिन तीन तथा तेस्रो दिन चार खेल हुनेछन् । फागुन १२ गते सेमिफाइनल तथा १३ गते फाइनल हुनेछ ।

प्रतियोगिता आयोजना गराउनुको मुख्य उद्देश्य क्लबको निर्माणाधीन खेल मैदान निर्माण सहयोगार्थ रहेको क्लबका अध्यक्ष तथा प्रशिक्षक कुमार राईले बताउनुभयो ।

प्रतियोगिताको अनुमानित बजेट २१ लाख १० हजार रुपैयाँ रहेको छ । पुरस्कारतर्फ मात्रै १० लाख रुपैयाँ खर्च हुनेछ । प्रतियोगिताको विजेताले ५ लाख रुपैयाँ, ट्रफी मेडल र प्रमाणपत्र हात पार्नेछ । दोस्रो हुनेले दुई लाख ५० हजार, तेस्रो हुनेले एक लाख र चौथोले ५० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

विधागततर्फ सर्वोत्कृष्ट खेलाडीले २५ हजार र ट्रफी र उदीयमान खेलाडीले १५ हजार रुपैया र ट्रफी पाउनेछन् । उत्कृष्ट स्पाइकर, सेटर, ब्लकर, सर्भर, डिफेण्डर र प्रशिक्षकले समान १० हजार रुपैयाँ र ट्रफी प्राप्त गर्नेछन् ।

# नामिबिया पराजित हुँदा नेपाललाई फाइदा

**हिमालय टाइम्स**
काठमाडौं, ८ फागुन

आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक ओडिआई सिरिजमा नामिबिया स्कटल्याण्डसँग ४३ रनले पराजित हुँदा नेपाललाई फाइदा भएको छ । योसँगै काठमाडौंमा जारी सिरिजमा नामिबियाले चारवटै खेल हारेको हो । हालसम्म तीन खेल जितिसकेको नेपाललाई यसको फाइदा बढेको छ । नामिबियाको हारले बाँकी सबै खेल जिते नेपाललाई शीर्ष तीनमा रहँदै सोझै विश्वकप छनोट खेल्ने सम्भावना बढाएको छ ।

जितका लागि २२२ रनको विजयी लक्ष्य पछ्याएको नामिबिया ३८.४ ओभरमा १७८ रनमा अल आउट भयो । नामिबियाका ओपनर लो हान्डरे लरेन्सले ६७ बलमा ६ चौकासहित सर्वाधिक ५२ रनको योगदान दिनुभयो । यस्तै, जेरार्ड इरास्मस मार्क वाटले ४३ जोड्नुभयो । जेन ग्रिन २५ र रुबेन ट्रम्पलम्यान १० रनमा आउट हुनुभयो । स्कटल्याण्डका स्पिनर मार्क वाटले ८.४ ओभरमा २ मेडनसहित ४१ रन खर्चेर ४ विकेट लिनुभयो ।



त्यसअघि टियु क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्याण्ड ४८.४ ओभरमा २ सय २१ रनमा अलआउट भएको थियो । स्कटल्याण्डका क्रिसटोपर म्याकब्राइडले ७५ बलमा ७ चौकासहित ४७ रन जोड्नुभएको थियो । लियाम नेलर २० रनमा बोल्ड आउट हुनुभयो ।

नामिबियाका रुबेन ट्रम्पलम्यानले ९.४ ओभरमा ३० रन खर्चेर ५ विकेट लिनुभयो । अर्का तीव्र गतिका बलर टांगेनी लुगांमेनीले ९ ओभरमा ५८ रन खर्चेर २ विकेट लिनुभयो ।

नामिबिया बाँकी दुवै खेलमा विजयी हुँदा ४१ अंकमा पुग्नेछ । अब नेपाल बाँकी सबै ९ खेलमा विजयी हुँदा ४२ अंकमा पुग्नेछ । नेपाल सबै खेलमा विजयी हुँदा शीर्ष तीनमा पर्ने पक्का छ । नेपाल सबै खेलमा विजयी हुँदा र युएईले बाँकी ६ खेल जित्दा ३९ अंकमा मात्रै पुग्न सक्छ । त्यसैले नामिबियाको हारले नेपाललाई फाइदा पुग्ने भएको छ ।

सोझै विश्वकप छनोट खेल्न अब नेपाल, युएई र नामिबियाबीच प्रतिस्पर्धा हुनेछ । यी तीन देशमध्ये एकले सोझै छनोटमा स्थान बनाउनेछ । पुछारका चार टोलीले नामिबियामा मार्च अप्रिलमा हुने प्लेअफ क्वालिफायर खेल्नुपर्ने हुन्छ । प्लेअफ क्वालिफायरमा लिग-२ का पुछारका चार टोलीसँगै क्यानडा र जर्सी हुनेछन् । जसबाट शीर्ष दुई टोलीले एकदिवसीय छनोट खेल्न पाउनेछन् ।

यस्तै, उपाधि विजेता बनिसकेको स्कटल्याण्डले च्याम्पियन ट्रफी मंगलबार नेपालमै पाउने भएको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले च्याम्पियन स्कटल्याण्डलाई मंगलबार नेपालमै ट्रफी दिने भएको हो ।

# चर्च ब्वाइज झापा गोल्डकपको क्वाटरफाइनलमा

**हिमालय टाइम्स**
झापा, ८ फागुन

चर्च ब्वाइज युनाइटेड क्लब मुस्ताङ प्रथम भद्रपुर झापा गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिताको क्वाटरफाइनल प्रवेश गरेको छ । भद्रपुरको मेची रंगशालामा सोमबार भएको खेलमा अर्को ए डिभिजन टोली नेपाल पुलिस क्लबलाई ३-० ले हराउँदै चर्च ब्वाइज अन्तिम आठमा पुगेको हो । टोलीलाई जित दिलाउन आशिष चौधरीले २ गोल र गगनदीप सिंहले एक गोल गर्नुभयो । चर्च ब्वाइजले सेमिफाइनल प्रवेशका लागि फागुन १० गते शहीद स्मारक ए डिभिजन लिग च्याम्पियन मच्छिन्द्र क्लबको सामना गर्नेछ । अनन्त तामाङको कप्तानीमा रहेको चर्च ब्वाइजले ४०औं मिनेटमा गगनदीपको गोलबाट अग्रता लिएको थियो । दोस्रो हाफमा चार मिनेटको फरकमा आशिषले गोल गरेपछि चर्च ब्वाइजको जित सहज भएको हो ।

आशिषले ५६औं र ६०औं मिनेटमा गोल गर्दै टोलीको जित निश्चित पार्नुभयो । आशिष नै खेलको म्यान अफ दी म्याच चुनिनुभयो र उहाँले २० हजार रुपैयाँ प्राप्त गर्नुभयो । भद्रपुर झापा गोल्डकपले आयोजना गरेको



प्रतियोगितामा मंगलबार संकटा क्लब र भद्रपुर ब्लेजर्सबीच प्रतिस्पर्धा हुनेछ ।

फागुन १६ गतेसम्म हुने गोल्डकपमा तीन विदेशीसहित १० टिमको सहभागिता रहेको छ । गोल्डकपको विजेता टोलीले १३ लाख र दोस्रो हुने टोलीले ७ लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक, उच्च गोलकर्ता, उदीयमान खेलाडी, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, फाइनल खेलको पहिलो गोलकर्ता र प्रशिक्षकलाई २५ हजार दिइने आयोजकले जनाएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई एक लाख रुपैयाँ दिइने आयोजकले जानकारी दिएको छ ।

# व्यवस्थित मैदान नभए पनि खेल गतिविधि बढ्दै

**हिमालय टाइम्स**
तनहुँ, ८ फागुन

तनहुँका सातवटा पालिकामा हालै मात्र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भयो । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत भलिबल, हाइजम्प, लङजम्प, दौडलगायतका विधामा खेलाडीले सहभागिता जनाए । जिल्लाका व्यास, शुक्लागण्डकी र भानु नगरपालिका, बन्दीपुर, घिरिङ, म्याग्दे र आँबुखैरेनी गाउँपालिकाले राष्ट्रपति रनिङ शिल्ड सम्पन्न गरिसके भने बाँकी स्थानीय तहले तयारी गरेका छन् ।

जिल्ला खेलकुद विकास समिति तनहुँले सबै पालिकालाई रनिङ शिल्ड प्रतियोगिता गर्न आग्रह गरेको छ । प्रदेश खेलकुद परिषद्को निर्णयानुसार फागुन १५ गतेभित्र जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी जिल्लास्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडीको नाम प्रदेशस्तरमा पठाइने खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो ।

बुधबारमात्रै दमौली बजारमा अन्तरविद्यालय बास्केटबल प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा १५ विद्यालयले सहभागिता जनाए । जिल्लामा बास्केटबल प्रतियोगिता आयोजना भएको पहिलोपटक हो ।

जिल्लामा केही समययता खेलकुदका गतिविधि बढ्न थालेका छन् । खेलकुदका गतिविधि सञ्चालन भइरहँदा खेलाडीले प्रतिभा प्रस्फुटन गर्ने अवसर पाएका छन् । जिल्ला खेलकुद विकास समिति तनहुँका अध्यक्ष पाण्डे खेलकुदका गतिविधि वृद्धि हुनु सकारात्मक रहेको बताउनुहुन्छ ।

खेलकुदका गतिविधि बढे पनि जिल्लामा व्यवस्थित खेलमैदान भने छैन । यसतर्फ सम्बन्धित स्थानीय तहले चासो देखाउनुपर्छ ।

बन्दीपुर गाउँपालिकामा पालिकास्तरीय प्रथम अध्यक्ष कप २०७९ फुटबल तथा भलिबल प्रतियोगिता हुने भएको छ । आगामी फागुन १२ गतेदेखि वडा नं. ४ भुमर्सेमा रहेको पालिकास्तरीय खेलमैदानमा अध्यक्ष कप सञ्चालन गर्न लागिएको हो । खेलमार्फत् अनुशासन र गतिशीलता दिनका लागि प्रथम अध्यक्ष कप आयोजना गरिएको गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो । प्रतियोगितामा दुवै खेलतर्फ प्रथम हुनेलाई ३० हजार, द्वितीयलाई २० हजार र तृतीयलाई १० हजारसहित ट्रफी, मेडल, प्रमाणपत्र र सान्त्वना पुरस्कार पाँच हजार प्रदान गरिनेछ ।

म्याग्दे गाउँपालिका-४ मनहरिस्थित आदर्श नमुना क्लबको आयोजनामा फागुन १९ देखि ११औँ आदर्श तथा छैटौं तारा स्मृति कप प्रतियोगिता हुँदैछ । क्लबले हरेक वर्ष सेभेन ए साइड फुटबल प्रतियोगिता गर्दै आइरहेको छ ।

'युवाको कामना, सकारात्मक परिवर्तनमा आदर्श नमुना' भन्ने नारासहित फुटबल प्रतियोगिता गर्न लागिएको क्लबका अध्यक्ष मलिन मल्लले जानकारी दिनुभयो । फागुन २७ सम्म सञ्चालन हुने प्रतियोगितामा विजेतालाई नगद एक लाख र उपविजेतालाई ५० हजार प्रदान गरिनेछ । प्रतियोगितामा उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट डिफेण्डरलाई समेत पुरस्कार प्रदान गरिने क्लबले जनाएको छ । क्लबले २०६८ सालदेखि निरन्तर प्रतियोगिता आयोजना गर्दै आइरहेको छ । तनहुँ फुटबलको इतिहासमा ११ वर्षसम्म अनवरतरूपमा प्रतियोगिता आयोजना गर्ने आदर्श नमुना क्लबमात्रै रहेको दाबी गरिएको छ । व्यास नगरपालिका-५ चुँदेर युवा क्लबले आगामी फागुन २९ गतेदेखि चैत ७ गतेसम्म प्रथम उपमेयर कप सेभेन ए साइड फुटबल प्रतियोगिता गर्दैछ ।

**Rapti Municipality**
**Office of Municipal Executive**
**Bhandara, Chitwan**
**Bagmati Province, Nepal**

**Invitation for National Competitive Bidding**

**First Date of Publication: 2079-11-09 BS (2023-02-21 AD)**

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites **online bids only** under E-procurement system from eligible bidders for the Following Works given below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Contract ID | Works Descriptions | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount |
|---|---|---|---|---|
| 1. | 12/Works/NCB/RM/ 079/080 | Construction of R.C.C Commercial Building of Jana Adarsha Multipal Campus at Rapti Municipality-7 | NRs. 44,25,001.76 | NRs. 140000.00 |

1. Pre-bid meeting shall be held at Rapti Municipality Office,Bhndara, Bhandara, Chitwan at 2079-11-28 BS 2023-03-12 AD 11:00 hours.
2. Sealed or electronic bids must be submitted to the office Rapti Municipality Office,Bhndara, Bhandara, Chitwan through PPMO website www.bolpatra.gov.np/egp on or before 2079-12-08 BS 2023-03-22 AD 12:00. Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079-12-08 BS 2023-03-22 AD 14:00 at the office of Rapti Municipality Office.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 140000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
5. For Purchasing of bid Document, the office's Bank Details are Given Below
   a. NRs.: 3000,
   b. Bank: NIC Asia Bank Ltd. Bhandara/ Parsa Branch
   c. Account No: 0982050029409002
   d. Account Name: Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan
6. For Bid Security deposit, the office's Bank Details are Given Below:
   a. Office Account no.: Ga-3, 0984150019441007
   b. Account Name: Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan
   c. Bank: NIC Asia Bank Ltd. Bhandara/ Parsa Branch

**Chief Administrative Officer**